# प्रदेश सभा
## गण्डकी प्रदेश
## पाँचौ अधिवेशन
## (तेह्रौं बैठक)
## कारवाहीको सम्पुर्ण विवरण
## मिति : २०७६/१०/२९ गते दिनको १.१३ बजे

आज मिति २०७६/१०/२९ गते दिनको ठिक १.१३ बजे गण्डकी प्रदेश, प्रदेश सभाको पाँचौ अधिवेशनको तेह्रौं बैठक माननीय सभामुख श्री नेत्रनाथ अधिकारी ज्यूको अध्यक्षतामा प्रारम्भ भयो।

**माननीय सभामुख-**

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ।सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ।शून्य समयमा बोल्न चाहानु हुने माननीय सदस्यहरुका लागि एक मिनेटको समय निर्धारण गरेको छु।निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु।शून्य समयमा बोल्ने माननीय सदस्यहरुको नाम प्राप्त हुन नआएकोले शून्य समयको कारवाही यही समाप्त हुन्छ।माननीय सदस्यहरु अब बिशेष समय प्रारम्भ हुन्छ।निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु।सर्वप्रथम माननीय सदस्य श्री मिना गुरुङ।समय ७ मिनेट।

**माननीय सदस्य श्री मिना गुरुङ-**

माननीय सभामुख ज्यू, आज संसारमै प्रेस जगतको भुमिका के छ भन्ने कुरा यहाँहरुलाई भनिरहनु पर्ने कुरा होईन।प्रत्येक लोकतान्त्रिक आन्दोलनमा प्रेसले आफ्नो भुमिका भन्दा माथि उठेर सडक आन्दोलन र प्रदर्शन पनि गरेको छ।लोकतन्त्र प्राप्ति र शाही शासनको बिरुद्ध प्रेसले रिपोर्टिङ समाचार मात्रै बनाएन प्रदर्शन गरे बापत रगत बगाएको छ, टाउको समेत फुटाएको छ।नेपालको संबिधान २०७२को प्रस्तावनामा पुर्ण प्रेस स्वतन्त्रताको व्यवस्था गरेको छ।हामी सत्तामा बसेका नबसेका के धनी, के गरिब निरीह नागरिक सबैको आवाज बोल्ने भ्वाईस अफ द भ्वाईसलेस मिडिया आज उपेक्षित बन्दै गैरहेको अवस्था छ। माननीय सभामुख ज्यू मैले आज त्यस्तो मिडियाको कुरा गर्न खोजेको होईन। जसले द्वन्द बढाउने समाचार पस्कन्छ।मैले आज त्यस्तो मिडियाको कुरा गर्ने जमर्को गरिरहेको छु।जसले गाँउ गाँउमा बसेर नागरिकहरुलाई चेतनाको दियो बाल्ने काम गरिरहेको छ।र ग्रामीण भेगमा रहेर कृषि कार्यक्रम मार्फत नागरिकको आय आर्जन बढाउने काम गरेको छ।र यसै सन्दर्भमा म अझै सामुदायिक रेडियोको बारेमा विशेष सन्दर्भलाई अगाडी बढाउन चाहान्छु।माननीय सभामुख ज्यू, ती सामुदायिक रेडियोहरु जसको खर्च बढि आम्दानी कम र संकटको अवस्थाबाट गुज्रिरहेको छ।कुरा यस्तो गम्भिर भएर आएको छ कि अहिले संबिधानको अनुसूचि ६ मा एफ.एम.रेडियो सञ्चालन सम्बन्धी कानून बनाउने अधिकार प्रदेश सरकारलाई प्रदान गरेको छ।त्यसैगरी व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको छ, तर हामीले मिडियालाई व्यवस्थित गर्ने कानून बनाउन भने अझै सकिराखेका छैनौं।र भएका संघीय ऐन कानूनहरु पनि नियन्त्रणमुखी भएको सरोकारवालाहरुको जुन किसिमको एउटा बिरोधाभाषहरु हामीले पाईरहेका छौं।दिगो रुपमा सञ्चालनका लागी यस प्रदेशको सूचना बिज्ञापन यहीको स्थानीय समुदायमा आधारीत रेडियो माथी भएको नितीगत विभेदको अन्त्य भएको छैन।यहि विभेदले गर्दा पनि अहिले हाम्रो रेडियोकर्मीहरु वा सञ्चार उद्यमीहरु वा भनौ पत्रकार र सञ्चारकर्मीहरु माथि धेरै अन्याय र धेरै किसीमको एउटा अवस्था नाजुक हुँदै गएको र सञ्चारकर्मीहरुको

मनमा चाँही एउटा नकरात्मक भावनाहरु जागृति भएको हामीले पाईरहेका छौं।उत्तिकै योगदान पुऱ्याएका सञ्चार माध्यमहरु कसैले बिज्ञापन पाउने कसैले नपाउने
अवस्थाको यहाँ अब अन्त्य हुनुपर्छ।माननीय सभामुख महोदय, बास्तबमा रेडियोको अवस्था खस्किनुको महत्वपूर्ण कारण पनि यहि नै हो कि भन्ने मलाई लाग्छ र आवाज बिहिनहरुको आवाज बोल्नेहरु आज आफ्नै न्यूनतम पारिश्रमिकका बारेमा बोल्न पनि सकिराखेका छैनन कि कतै संस्थागत आवाजहरु सुनिएता पनि त्यो कार्यान्वयन हुन नसक्नु बिडम्बनापुर्ण देखिन्छ।त्यसैले हाम्रो गण्डकी प्रदेशलाई अब नमुना प्रदेश बनाउने जुन उद्देश्यका साथ हामी अगाडी बढिरहेका छौं।त्यसैले गर्दा म अनुरोध गर्न चाहान्छु।हाम्रो माननीय सभामुख मार्फत सरकारलाई श्रमजिवी बर्गप्रति सरकारको विशेष अब ध्यान जान जरुरी छ।अहिले जति पनि पत्रकार र सञ्चारकर्मीहरुको जुन किसिमको एउटा विभिन्न किसिमको लान्छाना उहाँहरु प्रति आइरहेको विभिन्न किसिमको एउटा बिचार बिमर्श कुराहरु छलफलहरु हुन्छ, यसबाट पनि हामीले अनुमान लगाउन सक्छौ अहिले अब छिटो भन्दा छिटो हाम्रो प्रदेश सरकारले पनि अब यो कानून बनाएर हाम्रो यो प्रदेश सरकारबाट हाम्रो गण्डकी प्रदेशबाट हाम्रो मिडीया जगतलाई एउटा सहि दिशा दिन आवश्यक परेको छ।यही कुरा राख्दै म बिदा हुन्छु।हवस त धन्यबाद, नमस्कार ।

## माननीय सभामुख-

माननीय सदस्य श्री बिन्दु कुमार थापा, समय ७ मिनेट ।

## माननीय सदस्य श्री बिन्दु कुमार थापा-

माननीय सभामुख महोदय, चिनको हुपेइ प्रान्तको बुहान शहरबाट फैलिएको नोवल कोराना भाइरसको जोखिम र त्रास विश्वभर फैलिएको छ।विश्व स्वास्थ्य संगठन डब्लु.एच.ओ.ले पनि यस रोगलाई विश्वव्यापी संकटको रुपमा घोषणा गरेको छ।कोरोना भाइरसबाट मृत्यु हुनेको संख्या हिजो सम्म एकहजार स्रोह पुगेको छ भने बयालिस हजार छसय अठतिस जनामा संक्रमण फैलिएको समाचार आएको छ।नेपाल सरकारले तत्काल अपनाउनु पर्ने सतर्कता सँगै चिनबाट स्वदेश फर्कन चाहाने एकसय असी बिद्यार्थी सँगै अन्य नेपालीहरुलाई राख्न प्रधानमन्त्रीको निर्देशन पछि स्वास्थ्य मन्त्रालयका प्रतिनिधिहरुको निरीक्षण पश्चात भक्तपुर खरिपाटी स्थित नेपाल बिद्युत प्राधिकरणको जग्गामा क्वारान्टाइन स्थल बनाउने तयारी गरेको भनेता पनि स्थानीयहरुले बस्ती क्षेत्र भन्दा टाडा लैजानु पर्ने व्यापक बिरोधका कुराले बिद्यार्थीहरु समयमै स्वदेश ल्याउने कुरामा थप अन्योल सृजना भएको छ।यसले बिद्यार्थीहरुको आफन्तजन तथा अभिभावकहरु थप चिन्तित रहेको अवस्था छ।हालसम्म चिनमा रहेका अन्य देशका नागरिकहरु स्वदेश फिर्ता भैसकेको अवस्थामा सरकारको तयारी र उदासिनप्रति प्रश्न चिन्ह खडा भएको छ।हालसम्म नेपालमा प्रमाणित रुपमा कोराना भाईरसबाट संक्रमित भेटिएका छैनन।तर चिनमा महामारीको रुपमा लिएको कोरानाको संक्रमण नियन्त्रण हुन नसक्दा यसले नेपाली पर्यटन सँगै जनजीवनमा समेत प्रत्यक्ष प्रभाव पार्ने संकेतहरु देखिन थालेका छन।बजारमा बढ्दो मास्कको मागको कारण अभाब देखिन थालेको छ।बिस्तारै लत्ता कपडा,खाद्यान्न उद्योग व्यवसायमा प्रतिकुल असर पर्ने अवस्था देखिन थालेको छ।पोखराको पर्यटनमा त असी प्रतिशत नै गिरावट आएको पर्यटन व्यवसायीहरुको भनाई छ।बिगतका बर्षमा नयाँ बर्षको अबसर पारेर नेपाल भ्रमणमा आउने पर्यटक मध्ये करिब बिस प्रतिशत पर्यटक चिनीया हुने गरेको तथ्य हामी सामु रहेको छ।यो सँगै नयाँ बर्ष मनाउन आफ्नो देश गएका नेपालमा सञ्चालित ठुलो परियोजनामा काम गरिरहेका चिनीया कामदार पर्किने अनिश्चितताले बिकास निर्माणमा प्रत्यक्ष असर पर्ने समेत देखिन्छ।यसले युद्ध स्तरमा अगाडी बढेको पोखरा क्षेत्रीय बिमानस्थलको निर्माण कार्यलाई पनि प्रत्यक्ष प्रतिकुल प्रभाव परिसकेको त्यहाँका प्रमुख बिना मुनाकर्मीको भनाई समेत आएको अवस्था छ।यसले नेपाल भ्रमण बर्ष टुवान्टी टुवान्टीलाई पनि नकारात्मक असर पर्ने निश्चित छ।सभामुख महोदय,नेपालमा करिब असी प्रतिशत औषधि भारतबाट आयत हुन्छ।र भारतले अधिकांश कच्चा पदार्थ चिनबाट आयत गर्ने गर्दछ।तसर्थ औषधी लगायत अन्य अत्यावश्यक सामानको अभाब देखिने
सम्भावना बढेर गएको छ।यसको बिस्तारै चेन इफेक्ट उद्योग व्यवसायमा देखिन थालेको छ।पर्यटनको क्षेत्रमा त व्यापक मन्दी नै आईसकेको अवस्था छ। अतः म तथा मेरो पार्टी नेपाली काँग्रेस माननीय सभामुख मार्फत प्रदेश सरकारको ध्यान आकृष्ट गर्न चाहान्छु कि संघीय सरकारले चिनमा रहेका नेपाली बिद्यार्थी तथा
अन्य नेपालीको यथाशिघ्र नेपाल ल्याउने कार्य गरोस जो तनाबको जिवन बाँचिरहेका छन।सुरक्षित रुपमा नेपाल ल्याएर राख्ने प्रबन्ध नेपाल सरकारले गर्न र तिनिहरुबाट अन्यमा संक्रमण नहुने बातावरणको भरपर्दो व्यवस्थाको

सुनिश्चितता सरकारले गरोस् म सभामुख र प्रदेश सरकार मार्फत संघीय सरकारको ध्यान आकृष्ट गर्न चाहान्छु।सभामुख महोदय,यस सँगसँगै गण्डकी प्रदेश सरकारले के कस्तो सतर्कता र तयारी गरेको छ?रोगको बारेमा जनचेतना तथा सचेतनाका लागि चालिएका कदमहरु के के छन? स्कूल कलेजका बिद्यार्थी सार्वजनिक स्थलहरुमा पुर्याउनु पर्ने शतर्कता भाइरसको संक्रमण देखिएमा छुट्टै सम्पर्कको गर्ने अस्पताल कुन हो, कहाँ जाने भन्ने सम्बन्धमा तयारी के के रहेका छन? सर्वसाधारणलाई प्रदेश सरकारको उपस्थिति रहेको अनुभूति गराउन सामाजिक बिकास मन्त्रालयले जनताहरुलाई सुरक्षित र ढुक्क रहने बातावरण सृजना गर्न के के काम गरेको छ।सम्मानीत सदन समक्ष सामाजिक विकास मन्त्रालयको ध्यान आकृष्ट गर्न चाहान्छु।र जबाफको माग पनि गर्दछु।सम्भावित जोखिम तथा क्षतिलाई मध्यनजर गरी चिन सरकारले गरेको अथक प्रयास उपलब्धिको सरहाना र सिखो गर्दै चिन सरकारसँग आवश्यक समन्वय सहयोग लिन पनि म सभामुख मार्फत प्रदेश सरकारको नेपाल सरकारसँग गम्भीर ध्यान आकृष्ट गर्न चाहान्छु।धन्यवाद, जयनेपाल ।

**माननीय सभामुख-**

माननीय सदस्य, श्री राजिव पहारी समय ७ मिनेट ।

**माननीय सदस्य श्री राजिव पहारी –**

सभामुख महोदय, भ्रष्टाचार नियन्त्रण र पारदर्शिता सम्बन्धी सूचाङ्कमा करप्सन परसेफसेन इन्डेस्कमा नेपाल एघारौं स्थान माथी चढेको छ।१२४ औं स्थानबाट ११३ स्थानमा पुगेको छ।यो भ्रष्टाचार नियन्त्रण गर्नको निम्ति केपी ओली प्रधानमन्त्री भैसकेपछिको यो सबैभन्दा ठूलो महत्वपूर्ण काम हो भन्ने कुरा यो रिपोर्टले पनि देखाँउछ।त्यसो भएर दृष्टिविहिनले हात्ती छामेर ब्याख्या गरे जस्तै त्यो व्याख्या गर्नुको कुनै अर्थ हुदैन। हिजो भ्रष्टाचार भइन्जेल हाँसेर बस्नेहरु आज ओली सरकारले कार्याबाही गर्न थालेपछि बिरोधमा उत्रन थालेका छन।वर्तमान केपी ओली नेतृत्वको नेपाल सरकारले क्रोनिकको रुपमा जमेर संगठित भएर भित्र भित्र व्यापक फैलिएर बसेको भ्रष्टाचारको जालोलाइ तोड्ने काम गरेको छ र यसको भ्रष्टाचारको बिरुद्ध आक्रमक रुपमा चाँही प्रस्तुत भैरहेको छ र यसमा हामीले सरकारको प्रशंसा गर्नुपर्नेमा सरकारलाई बधाइ दिनु पर्नेमा पनि भ्रष्टाचारलाई कारवाही गर्दा किन कारवाही गरेको भन्ने ढंगबाट जुन अभिव्यक्तिहरु आइरहेका छन यि आँफैमा हाँस्याहास्पद छन। सभामुख महोदय, चाहे बालुवाटार काण्ड होस, चाहे सुन काण्ड होस, चाहे एनसेल काण्ड होस, चाहे जुनसुकै काण्ड हुन यो सरकारले घटाएको होईन।बिगतका कुन कुन सरकारले यी काण्डहरु घटाएका छन त्यो तर्फ पनि ध्यान आकृष्ट गराउन चाहान्छु र भ्रष्टाचार जुन रुपमा बिगतमा बढेको थियो त्यसलाई नियन्त्रण गर्ने काम त्यो भ्रष्टाचारको जालोलाई तोड्ने काम यो सरकारले गरेको छ।अहिले भ्रष्टाचार बढेको छैन यो अन्तराष्ट्रिय प्रतिवेदनले त्यो देखिएको छ।अहिले भ्रष्टाचारीहरुलाई कारवाहीको दायरा बढेको छ। सम्मानीय सभामुख महोदय, नेपालबाट चन्द्र शमसेरले सति प्रथाको अन्त्य गरेको धेरै बर्ष भैसक्यो तर आज केही केही राजनैतिक पार्टीहरु भ्रष्टाचारको सति जान खोजेका हुनकी जस्तो देखिराखेको छ।म यहाँ तपाँईलाइ सभामुख महोदय मार्फत जानकार गराउन चाहान्छु अहिले जे जति बिगतमा घटेका घट्नाहरुलाई सरकारले उजागर गर्ने र कार्याबाही गर्ने काम गरेको छ।तर कहिले काहि सुनिन्छ बालुवाटार जग्गाको काण्डको कित्ताकाट नै केपी ओली सरकारले गरेको हो भन्ने ढंगबाट अभिवयक्ति आँउदा खेरी उदेक लाग्छ।यो सरकारले जो कोहिले गल्ती किन नगरोस? कमजोरी किन नगरोस? त्यसलाई चाँहि कानूनको दायरामा ल्याउने काम गर्छ।तेत्तीस किलो सुन काण्ड सन्दर्भमा सुन ब्यापक रुपमा आँउथे ती सुन चोरहरुलाई समात्ने काम गर्यो। तस्करी गर्ने कामलाई समात्ने काम गर्यो।त्यसो गर्दा एउटा मान्छेले देख्यो, बिचरोले देख्यो, त्यसलाई गोली हानेर सुन तस्करहरुले मारे।ति सुन तस्करहरुलाई समातेर जेल कोच्ने काम यो सरकारले गर्यो। अनि खोइ स्याना माछा स्याना माछा स्याना माछा मात्रै समात्ने ठुला माछा खोई भन्थे अहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोग जुन संबैधानिक आयोग हो त्यसले ठुला माछा पनि समात्ने काम गरेको छ।न्यायधिसहरुलाई जब कारवाही गर्न थाल्यो न्यायधिसहरु राजिनामा गरेर भागाभाग गर्ने काम पनि गरे।एकथरी मान्छे सधै बिरोध गर्दै छन।उनीहरुले कारवाही नगरे खोई

कारवाही गरेको भन्ने कारवाही गरे किन फलानोलाई गरेको किन हाम्रो मान्छेलाई गरेको किन उल्लाइ नगरेको भनेर भन्ने कुरा चाँही आईरहेको छ।सन्दर्भ आईरहेको छ बिष्णु पौडेलको। सभामुख महोदय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गर्दा अनुसन्धान गर्दा त बिष्णु पौडेलको कंहि केहिमा पनि नाम आउदैन।नबिन पौडेल जहाँसम्मको कुरा छ अख्तियारले छानबिन गरोस जो कोहि दोषि भएपनि कडा भन्दा कडा कारवाही होस र कारवाही यो सरकारले गरिरहेको छ।त्यसो भएको कारणले यो सरकारले हामीले जुन अरु घट्नामा पनि देख्न सक्छौं मैले अस्ति पनि यो सम्मानीत सभामा राखेको थिए।सभामुखलाई एक जना मानसिक रुपमा बिचलीत भएको ब्यक्तिले आरोप लगाउने काम गर्नु भयो पछि सभामुखले नैतिकताको आधारमा राजिनामा दिनु भयो त्यो छानबिन गर्न खुला गर्नुभयो यो सरकार त नेकपाको सरकार हो।मुलुकमा बिधिको शासन सुशासन स्थापना गर्न सक्छ।तसर्थ अब दुई तिहाइ नेकपाको आयो भनेर रोदन गर्नुको के अर्थ बहुमत जनताले दिए त त्यो जनमत अनुसार अघि बढ्ने कुरा हो।जहाँसम्म प्रसङ्गहरु पनि यहाँ आएका छन।यो सरकारले सम्पत्ति सार्बजनिक गरायो।नेपाली जनतालाई अवगत गराउने काम गर्‍यो त्यसो भएर भदौमा आँखा फुटेको गोरुले सँधै हरियो देख्छ भने जस्तै जे कुरामा पनि बिरोध गर्नु जे कुरामा पनि आलोचना गर्ने कुराको कुनै अर्थ रहदैन।आज धैरे त्यसो भएर लोकतन्त्र भनेको बिधिको, कानुनको,नितीको, नियमको शासन हो।हामीले राम्रा कामहरुलाई प्रशंसा पनि गर्नुपर्छ।एपरिसियट गर्नुपर्छ।जहाँसम्म अर्को प्रसङ्ग आँउछ।मान्छेले जग्गा किन्छ कति तह एउटाले किन्यो, अर्कोलाई बेच्यो, अर्कोले किन्यो अर्कोलाई बेच्यो एक तह, दुई तह, तिन तह चार तह हुँदै यो जग्गा किन्ने काम भयो।र अब जो संलग्न छन उनिहरुलाई मुद्दा दायर भयो।जो संलग्न छैनन संलग्नै नभएकालाई दायरै गर्नु पर्छ भन्ने ढंगबाट कुरा उठाउनु यो चाँही आग्रहपुर्ण कुरा हो।अब चाँही यो मुद्दा चाँही अदालतमा जाँदै छ।अदालतमा बिचराधिन रहेको मुद्दामा अदालत भनेको आँफैमा स्वतन्त्र, निष्पक्ष न्यायपालिका हो त्यसले चाँही फैसला गर्ने छ।यसमा हामीले आफ्नो ढंगबाट कुरा गर्नुको कुनै अर्थ हुदैन।माननीय सभामुख महोदय, अहिले केपी ओली नेतृत्वको सरकार बनिसकेपछी गणतन्त्र स्थापनाको पछिको  एक दशकमा लगातार ४ प्रतिशत मात्र आर्थिक बृद्धिदर थियो, अहिले ७.१ प्रतिशत आर्थिक बृद्धिदर भएको छ।अन्तराष्ट्रिय ब्यापार घाटामा कमि आएको छ।पछिल्लो एक दशकमा बार्षिक औषत २०.४ प्रतिशतले बढेको ब्यापार घाटा चालु आर्थिक बर्षको पहिलो पाँच महिनामा नै अघिल्लो बर्ष सोही अबधिको तुलनामा ६.३ प्रतिशतले घटेको छ।निर्यात सत्ताईस प्रतिशतले बृद्धि भएको छ।उत्पादन र उत्पादकत्वमा वृद्धि भएको छ।आर्थिक बर्ष ७५/७६ मा कृषि उत्पादन ५ प्रतिशत, औद्योगिक उत्पादन ८.९ प्रतिशत र सेवा क्षेत्रको उत्पादन ७.३ प्रतिशतले बृद्धि भएको छ।यसरी सरकारले सुखी नेपाली र सम्बृद्ध नेपाल निर्माण गर्ने जुन आफ्नो संकल्प छ त्यसमा अगाडी बढिरहेको छ।त्यसको निम्ति सबैभन्दा पहिलो प्रायोरिटी भ्रष्टाचार नियन्त्रण गर्ने कुरालाई प्राथामिकता दिएर लागेको छ।हरेक ठाँउमा होस चाहे जो कोहिले होस जो कोही जुनसुकै पदमा बसेको व्यक्तिले किन नहोस उसले भ्रष्टाचार गरेको छ भने उसलाई कानूनको कार्यबाहीमा ल्याउने राज्यका स्वतन्त्र संबैधानिक अंगहरुलाई निष्पक्ष ढंगबाट छानबिन गर्नको निम्ती अनुसन्धान गर्नको निम्ति वातावरण बनाएको छ।यसको निम्ती म सरकारको उच्च प्रशंसा गर्न चाहान्छु।धन्यबाद । नमस्कार ।

**माननीय सभामुख-**

माननीय सदस्यहरु बिशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहि समाप्त हुन्छ।माननीय सदस्यहरु अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेबी पुन मगरलाई मिति २०७६ साल माघ २८ गते सभामा प्रस्तुत भएको गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक माथि बिचार गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय सामाजिक बिकास मन्त्री श्री नरदेबी पुन मगर-**

माननीय सभामुख महोदय, सम्मानीत सभामा मिति २०७६ साल माघ २८ गते प्रस्तुत भएको गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा संचालन गर्ने सम्बन्धमा

व्यवस्था गर्न बनेको बिधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम बिधेयक माथी बिचार गरियोस भनी प्रस्ताब प्रस्तुत गर्दछु।धन्यबाद ।

**माननीय सभामुख-**

अब म उक्त प्रस्ताबलाई निर्णायार्थ प्रस्तुत गर्दछु।यो प्रस्ताबको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको बिपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होला।यो प्रस्ताबको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस्।यसको बिपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस्।हुन्न भन्ने आवाज सुनिएन, तसर्थ गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक माथि बिचार गरियोस भन्ने प्रस्ताब सर्वसम्मतिले स्विकृत भएको घोषणा गर्दछु।माननीय सदस्यहरु अब गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक माथी सामान्य छलफल प्रारम्भ हुन्छ।यस छलफलमा बिधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु।छलफलमा भाग लिने माननीय सदस्यहरुको लागि १० मिनटको समय निर्धारण गरेको छु।निर्धारीत समय भित्र आफ्नो भनाईहरु राख्नु हुन अनुरोध गर्दछु।सर्वप्रथम माननीय सदस्य श्री प्रभा कोईरालालाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री प्रभा कोईराला-**

माननीय सभामुख महोदय, आज म यो सम्मानित सभामा गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा बनेको बिधेयक माथी सैद्धान्तिक छलफलको क्रममा उभिरहँदा नेपालमा संघीय व्यवस्था लागु भैसकेपछि संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्य बिस्तृतिकरणमा प्रदेशले भाषा, लिपि,संस्कृति,ललितकला र धर्मको संरक्षण अपठित जनसमुदायको निमित्त दृश्य, श्रब्य सामग्रीहरु प्रयोग सम्बन्धि प्रादेशिक निति, कानून मापदण्ड योजना कार्यन्वयन र नियमन गर्ने समेत गर्न सक्ने गरी बिधेयक आएको छ।तसर्थ प्रदेश स्तरीय भाषा,लिपी,संस्कृति,ललितकला र धार्मिक लगायतका सम्पदाको संरक्षण,सम्बर्धन,खोज, अनुसन्धान तथा व्यवस्थापन गरी कार्यन्वयनको पाटो बलियो र ओझिलो र जिम्मेवार बनाउनका लागि यो बिधेयक आएको छ।यसर्थ पनि यो बिधेयकले यो गण्डकी प्रदेशमा एउटा छुट्टै महत्व राख्दछ भन्ने मैले महशुस गरेको छु।गण्डकी प्रदेशमा धेरै बिषय व्यवस्थित गर्नु पर्ने छ।यसै सिलसिलामा गण्डकी प्रदेशको क्षेत्राधिकार भित्रका भाषा साहित्य लोक संस्कृति ललितकला नाट्यकला संगितको अध्ययन अनुसन्धान गरी संरक्षण एबंम सम्वर्धनका लागि यो बिधेयकले पुलको काम गर्ने छ भन्ने पनि मैले बिश्वास गरेको छु।सभामुख महोदय गण्डकी प्रदेश आँफैमा बहुजाति बहुभाषिक, बहुसंस्कृतिक प्रदेश हो। गण्डकी प्रदेशका भाषा, साहित्य, नाट्य, ललितकला, संगित, संस्कृति र दर्शनका बिधा वा त्यस अन्तर्गतका बिषयबस्तुको अनुसन्धान गरि तिनिहरुको संकलन संरक्षण सम्बर्धन गर्नुका साथै यस क्षेत्रमा लागेका हरेक व्यक्तिहरुलाई समय अनुकुल सम्मान तथा प्रोत्साहन र उत्साहित तथा उर्जा थप्ने काम समेत यो बिधेयकले गर्ने छ भन्ने मैले महशुस गरेको छु।यति भनिरहँदा यति भन्दै गर्दा मलाई के सम्झना आयो भने प्राज्ञ हर्कमान गुरुङ दाज्युको स्मरण गर्न मन लाग्यो उहाँले बेला बखतमा भेटघाट हुने बेलामा भन्ने गर्नु हुन्थ्यो बैनी म त अब बुढो भैसके यो बिषयमा प्रदेशको बिधेयक कहिले आँउछ।मैले त धेरै सोच गरिसके अहिले सम्म आउन सकेको छैन।यो बिधेयक आयो भने कमसेकम यो क्षेत्रलाई अलिकति बलियो बनाउन सकिन्थ्यो।तपाँईहरु अगाडी बढिरहनु भएको छ।तपाँईहरुले ख्याल गर्नु होला है भनेर मलाई भन्दै गरेको पनि आज मलाई स्मरणमा आयो त्यसर्थ पनि म दाजु बितेर गैसक्नु भएको छ, उहाँप्रति हार्दिक श्रद्धासुमन पनि ब्यक्त गर्न चाहान्छु र मेरो बुझाइमा केन्द्रमा तिनवटा प्रज्ञा प्रतिष्ठानहरु बनिसकेका थिए।गण्डकी प्रदेशले तिनवटै प्रज्ञा प्रतिष्ठानहरु धान्न सक्ने अवस्थामा त छैन तैपनि यस प्रदेशमा एउटा बनाएर त्यसैलाई उत्कृष्ट बनाएर जान सकेको खण्डमा हामीले देखेका सपनाहरु बिपनामा नै परिणत गर्न सक्ने छिट्टै नै गर्न सक्ने सम्भावना पनि मैले देखेको छु।यसर्थ मेरो अनुभूतिमा अघिल्ला अस्थिर सरकारका कारण प्रज्ञा प्रतिष्ठानलाई हाँस्यास्पदको थलो नबनाइएको पनि होईन तिनवटै प्रज्ञा प्रतिष्ठान मर्चका बारेमा बिषय पनि नउठेका होईनन, अब गण्डकी प्रदेशले त्यहीनेर बाट पाठ सिक्न जरुरी छ भन्ने पनि मलाई लागिरहेको छ।हाम्रो गण्डकी प्रदेश आफैमा विविध

संस्कृति,साँस्कृतिक र संगितको उर्वर भुमिको रुपमा लिंदा न्याय हुन्छ भन्ने मलाई लागेको छ।र हाम्रो संस्कृतिलाइ लिपिवद्ध गरी नयाँ पिढीलाई पुस्तान्तरण गर्न सकिने ठम्माई पनि मैले गरेको छु।यो प्रज्ञा प्रतिष्ठान समय अनुकुल आएको छ।यसर्थ पनि मलाई एकदमै खुशि लागेको छ।अब हामीले गण्डकी प्रदेश भित्र भएका लोप हुन लागीरहेका हरेक प्रकारका लोक संस्कृतिहरुलाई पनि उजागर गरेर अगाडी बढ्न सकिन्छ भन्ने मेरो ठम्माई रहेको छ।यो बिधेयक कार्यान्वयनमा गैसकेपछि प्रदेश भित्र सञ्चालित चलचित्र घर,व्यापारिक तथा व्यावसायिक प्रकृतिका मेला, महोत्सब र कन्सर्टहरु बाट मनोरञ्जनहरुबाट पनि कर समेत उठाएर गण्डकी प्रदेशलाई अझै व्यवस्थित गर्न सक्ने एउटा बलियो आधारको रुपमा पनि यो बिधेयकलाई मैले लिएको छु।त्यसर्थ पनि यो बिधेयक आँफैमा महत्व राखेको छ।यो बिधेयकलाई अब ढिलो नगरीकन कार्यान्वयन गरेर अगाडी बढ्नका लागि सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्दै विधेयक आएकोमा मन्त्रीज्यूलाई हार्दिक धन्यबाद दिदै सकेसम्म यो विधेयकलाई कार्यान्वयनको पक्षमा छिटो भन्दा छिटो लानको लागि पनि सुझाब दिन चाहान्छु।त्यसो गर्न सकियो भने हामीले सोचेका हरेक हाम्रा सपनाहरु,कला,नाट्य,संस्कृतिका सपनाहरु र लोप हुन लागेका हरेक बिषयहरुलाई उजागर गरेर जान सक्ने थियौं भन्ने लागेको छ। यसर्थमा मेरो पार्टी र मेरो आफ्नो तर्फबाट यो बिधेयक माथि सैद्धान्तिक छलफलको क्रममा उभिदै गर्दा समर्थन गर्दै मेरा आफ्ना भनाई यही अन्त्य गर्छु।हस् धन्यवाद ।

**माननीय सभामुख-**

माननीय सदस्य श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री सरिता गुरुङ-**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश प्रतिष्ठान स्थापना तथा संचालन गर्ने सम्बन्धमा बनेको बिधेयक २०७६मा भाषा, लिपि, संस्ति, ललितकला, धार्मिक, संगित, नाटक लगायत सम्पादन संरक्षण खोज अनुसन्धान तथा व्यवस्थापन सम्बन्धमा कानून व्यवस्थापन गर्न संविधानको मर्म तथा अन्तराष्ट्रिय प्रतिबद्धता पुरा गर्न साथै गण्डकी प्रदेशले आफ्नो प्रदेश भित्र भाषा, लिपि, संस्कृति, साहित्य, ललितकला र नाटक संगितहरुको अध्ययन अनुसन्धान गरी संरक्षण गर्ने उद्देश्यले यो बिधेयक बनेको भन्ने बुझिन्छ।माननीय सभामुख ज्यू नेपालमा १२५ जातजातिहरुले बसोबास गर्दै आईरहेका छन यि जातिहरु मध्ये १०१ जातिको जातजातिहरुले आ-आफ्नो भाषाहरु बोल्ने गर्दछन।त्यसैमा हाम्रो गण्डकी प्रदेशमा २३ जातजातिहरुले बसोबास गरिरहेको अवस्था छन भने गण्डकी प्रदेशमा सतसठ्ठी प्रतिशत जनजातिहरुले बसोबास गरिरहेको छ।माननीय सभामुखज्यू, भाषा, लिपि, संस्कृति, धर्म, शास्त्र, साहित्य, नाटक, संगित भनेको ज्ञानको श्रोत हुन।यस्ता बिषयहरुको अध्ययन, अनुसन्धान र सम्पादन संरक्षण गर्नु भनेको मानब सभ्यताको संरक्षण गर्ने भन्ने बुझिन्छ र यो तयार भैसकेपछी यो संरक्षण गर्दा खेरी एउटा इतिहासको दस्तावेज खडा हुन्छ भन्ने मलाई लागेको छ भन्ने बुझिन्छ।माननीय सभामुख ज्यू,गण्डकी प्रदेशमा लोपोन्मुख जाति मध्ये कुसुण्डा जाति पर्दछ।तेइस जातजातिहरुमा कुसुण्डा जातिहरु दुईवटा जिल्लाहरुमा बसोबास गर्दछन हाम्रा एघार वटा जिल्लाहरुमा ती हुन तनँहु जिल्लाको ब्यास नगरपालिका र नवलपुर जिल्लामा बसोबास गर्ने गर्दछन।र ती जातिहरुको पनि आफ्नै भाषा, संस्कृति र भेषा छन।र मलाई लाग्छ यी भाषा भएका लोपोन्मुख जातिहरुलाई हामीले संरक्षण गर्न पर्छ।अनुसन्धान र संरक्षण गर्‍यो भने हाम्रो एउटा इतिहासको दस्तावेज पक्कै पनि बन्नेछ भन्ने मैले बिश्वास गरेको छ।र सँगै धर्म संस्कृतिहरुलाई सम्भार गर्दै जाने क्रममा जात जातिहरुले सतसठ्ठी प्रतिशत जनजातिहरु बसोबास गर्ने प्रदेश तर जहाँ चाँही जनजातिहरु बसोबास गर्छ फलानो डाँडामा को होत भन्दा गुरुङ, फलानो डाँडाको कुनामा कोहो त भन्दा दलित यस्ता जनजातिहरु भौगोलिक हिसाबले ठग्गीएको ठाँउमा बसोबास गरिरहेका हुन्छन।दलितहरु मलाई भन्न के लागिरहेको छ भने सम्बन्धित मन्त्रालय र यस सम्मानित सभा मार्फत प्रदेश सरकारलाई यो कुनै पनि भुगोल जातजातीको आधारमा अध्ययन अनुसन्धान नगरी सबैलाइ एउटा सन्तुलित समान ढंगले सबै जात जातिको भाषाको पहिचान गरेर यो गण्डकी प्रदेशलाई एउटा आन्तरिक भाषा, जात -

जातिहरुको संरक्षण गरिसकेपछी यहाँ एउटा करको कुराहरु आउने यसमा एउटा प्रदेशको पहिचान र आफ्नो गहना बन्ने हुनाले यो कुनै भुगोल जातजातिको आधारमा छानबिन नभैकन अनुसन्धान नभैकन सबैको समान रुपले पहिचान हुनुपर्छ र सबैको अनुसन्धान संरक्षण हुनुपर्दछ भन्नी अनुरोध गर्दै बिदा हुन्छु। धन्यबाद ।जय नेपाल ।

## माननीय सभामुख-

माननीय सदस्य, श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय सदस्य श्री पियारी थापा-

माननीय सभामुख महोदय, आज हामी गण्डकी प्रज्ञा प्रतिष्ठान बिधेयकलाई व्यवस्थापन र संचालन गर्नका लागि बनेको बिधेयक उपर सैद्धान्तिक छलफलको क्रममा जुटिरहेका छौं।यो पाँचौं अधिवेशनमा मलाई के लागिराखेको छ भने पाचौं अधिवेशन प्रतिष्ठानहरु निर्माणको अधिवेशन त बन्ने होईन मलाई त्यो आशङ्का लागिरहेको छ।किनकी लगातार तिनवटा बिधेयक प्रतिष्ठानहरु निर्माण गर्ने भनेर सरकारले ल्याईसकेको छ।यदी लगभग उस्तै उस्तै प्रकृतिको विधेयकहरु सरकारले ल्याएको छ।हुन त यसको अल्पकालिन फाइदा, दिर्घकालिन फाइदा प्रदेश सरकारको पोल्टामा रहेको छ होला तर दुईवटा बिधेयक शिक्षा बिधेयकका शाखाहरु थिए। कतै सरकार शिक्षा बिधेयक यसै गरी तर्काउने पक्षमा त छैन आशंङ्का गर्ने प्रसस्त ठाँउहरु रहेको छ।प्रतिष्ठान बनाउने,बिधेयक ल्याउने, यसको कार्यान्वयन गर्न ढिलासुस्ती गर्ने, त्यही भित्र आस्थाको र भागबण्डाको लडाई चलाउने परिपाटी हाम्रो समाजको लागि कुनै नौलो बिषय होईन यस्तो खालको परिपाटीले समाजमा सकारात्मक सन्देश दिन सक्तैन सभामुख महोदय।यस तर्फ बेलैमा प्रदेश सरकार सचेत भई अगाडी बढ्न, बढाउन र क्षमता र योग्यता निष्पक्ष भएर काम गर्नका निमित्त प्रदेश सरकारलाइ अनुरोध गर्न चाहान्छु।आज नेपाली समाज पश्चिमाकरणको दबदबामा रुमलिएको छ।जसले नेपालको साँस्कृतिक बिचलनको शिकार बनिरहेको छ।नेपालको मौलिकता नासिदै गएको छ।चाहे त्यो भाषिक होस, चाहे त्यो साँस्कृतिक रुपमा होस। नेपालको प्राचिन लोक कला कृति आजको पिडीलाई एकादेशको कथा भैरहेको छ। पश्चिमा संस्कृतिको देखावटी र सिकापनले हाम्रो मौलिक लोक कला कृतिहरु छिन्नभिन्न हुँदै लोप हुने तर्खरमा छन। नेपालको बहुभाषिक, बहुजाति, बहुसांस्कृतिक अनुपमा बिबिधताको छटाकृत देश भएर पनि निख्खर नेपाली पन लोप हुने अवस्थामा छ।तसर्थ यसको संरक्षण अभिलेखीकरण संस्थागत हुन आवश्यक छ। यस मानेमा यो बिधेयक सदैब सकरात्मक उर्जाका साथ अगाडी बढ्ने र एउटा प्रेरणादायी श्रोत बनोस भनी शुभकामना ब्यक्त गर्न चाहान्छु।हाम्रो लोक कलाकृति संस्कृति हाम्रा पुस्तेनी सम्पत्तिहरु हुन। ती सम्पत्तिहरु नेपालको पहिचान पनि हुन तिनलाई संरक्षण गर्ने परिस्कृत गर्ने बिशिष्टीकृत गर्ने अभिभारा हामी सबैको हो। यसको प्रचार प्रसार भैरहनु पर्छ। म त भन्छु हाम्रो मौलिक आधारभुत लेबलबाट सिकाईको माध्यम बन्नु पर्छ।हाम्रो पुस्ताले बिद्यालय स्तरको पाठयक्रममा औपचारिक शिक्षाको माध्यमबाट यसको जगेर्ना र प्रचार प्रसार गर्नु आजको आवश्यकता हो।त्यो तर्फ पनि पक्कै पनि यो बिधेयकले ध्यान जाने छ।कला साहित्य र संस्कृति राज्यको गहना हो भनिरहँदा आवश्यक परेको बेलामा मात्र उपयोग गर्ने नत्र दराजमा लुकाएर राख्ने दराजमा लुकाएर मात्रै यसको चमक बढ्दैन तसर्थ यस बारेमा यथेष्ठ मात्रमा खोजीनिति अभिलेखिकरण र बिशीष्ठिकरण हुनका लागि राज्यको पर्याप्त लगानी आवश्यक रहेको छ।परिस्कृत गर्ने नाँउमा नेपाली मुल मर्मलाई बिर्सेर छाडा बन्दै गइरहेको अवस्थामा आज लोक गित लोक हुन नसकिरहेको अवस्थामा आजको सृजनाहरु सकरात्मक सन्देश दिने भन्दा पनि आत्महत्या र अपराध गर्न तर्फ दुरुत्साहन गर्ने खालको हुन गैरहेको अवस्थामा यसले समाजलाई सही बाटोमा डोराउन सक्दैन तसर्थ नेपाली ठेट मौलिकपनलाई जोगाउँदै पर्यटन प्रवर्द्धन तथा यहाँको विविधतालाई संसारभर चिनाउनको निमित्त यो गण्डकी प्रतिष्ठान एउटा कामयाब रहोस भनी शुभेच्छा ब्यक्त गर्न चाहान्छु।संगित,नाट्यकला, ललितकला सम्बन्धि बृहत अध्ययन,अनुसन्धान गरी आवश्यक पाठ्यक्रम निर्धारण गरी नियमीत यस सम्बन्धि प्रशिक्षण कार्यक्रमको आयोजना गर्ने र प्रज्ञा प्रतिष्ठानलाई अझै काम काजि बनाउने प्रभाब र दबाबमा नभई स्वतन्त्र सहजिकरण क्षमता योग्यता र सहकार्य कुशलताका आधारमा पदाधिकारीहरुको नियुक्ति गर्ने जस्ता बिषयहरुमा प्रदेश

सरकार पारदर्शि रहोस भनि शुभकामना ब्यक्त गर्दै मैले अफ्नो भनाईहरु यहि अन्त्य गर्ने अनुमति चाहान्छु। धन्यबाद ।

**माननीय सभामुख-**

माननीय सदस्य,श्री चन्द्र बहादुर बुढालाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य, श्री चन्द्र बहादुर बुढा-**

माननीय सभामुख महोदय,गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०७६ को आज शैद्धान्तिक छलफलमा छौं।पहिलो कुरा त हाम्रो गण्डकी प्रदेश के हो।हाम्रो गण्डकी प्रदेश भनेको यसको हाम्रो गण्डकी प्रदेशको पहिचान भनेको यो हाम्रो प्राकृतिक श्रोत साधन र सौन्दर्यता मात्र होईन।हाम्रो जात जातीहरुको सघन बसोबास र भाषिक, साँस्कृतिक, धार्मिक अनुपमताले भरिएको प्रदेश हो।त्यसो भएको हुनाले स्वभावैले भन्न सकिन्छ हाम्रो गण्डकी प्रदेश भौगोलिक बिबिधता सहित बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक मुलुक हो र यसको संरक्षण र सम्वर्धन गर्ने उद्देश्यमा रहेर यो बिधेयक आएको छ भन्ने मैले बुझिरहेको छु।र बिशेष गरेर यि बिशेषता युक्त हाम्रा पहिचानहरुलाई हाम्रा सम्पदाहरुलाई कसरी प्रबर्द्धन गर्न सकिन्छ भन्ने कुरा महत्वपुर्ण कुरा हो।र हामीले यसलाइ जिवन्त राख्नका लागि जो हामीले गहनाको रुपमा हाम्रो पहिचानको रुपमा परिभाषित गरेका छौं।यसलाई जिवन्त राख्नको लागि अथवा हाम्रो भाबि सन्ततिको लागी पुस्ता हस्तान्तरणका लागी यो प्रतिष्ठान जो गठन भएको छ।यसले महत्वपुर्ण भुमिका खेल्नेछ भन्ने म बिश्वास पनि ब्यक्त गर्न चाहान्छु। र नेपालको संबिधानमा पहिलो चोटी नेपाल बहुराष्ट्रिय हो भनेर स्विकार गरेको छ। हामीले बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक, बहुजातिय भन्यौं त्यति मात्रै हैन यो बहुसाँस्कृतिक कुरा हामीले जो गरिराखेका छौं।राष्ट्रको रुपमा जो संबिधानले निर्दिष्ट गरेको छ।अथवा स्विकार गरेको छ।यो महत्वपुर्ण पक्ष हो।र हामीले संविधानको धारा ५१ र यसको खण्ड ग उप-खण्ड ४ मात्र होईन अरु धाराहरु पनि आकर्षित हुन्छन र जस्तै हामी हाम्रो देश बहुपहिचान युक्त भएको हुनाले यो संबिधानको धारा ६संबिधानको धारा ७धारा १८धारा २६ र धारा ३२ को तिन र धारा ५१ खण्ड ग उपखण्ड २, ४, ५, ७ र धारा ५१ को खण्ड ञ को उपखण्ड ८ लगायत अनूसूचिहरुमा यसको व्याख्या गरिएको छ र निर्दिष्ट पनि गरेको छ कि यसको संरक्षण र सम्बर्धनको लागि साझा र एकल अधिकार जो सुनिश्चित गरिएको छ।त्यही मर्मबोटका साथ यो बिधेयक आएको छ भन्ने कुरा म यहाँ राख्न चाहान्छु र सभामुख महोदय हामीले यो बिधेयकलाई जसरी व्यवहारीक रुपमा हामीले अगाडी बढाउने सवालमा हाम्रा भाषा लिपी,वर्ण,धर्म,संस्कृति,शाहित्य,ललितकला सम्बन्धि स्पष्ट जसरी संविधानले निर्दिष्ट गर्न खोजेको छ। यसको संरक्षण र सम्बर्धन गर्ने कुरामा बिशेषत संबिधानको मुल स्प्रिट र मर्म र हाम्रा अन्तराष्ट्रिय मापदण्डहरु पनि छन र अन्तराष्ट्रिय प्रतिबद्धताहरु पनि छन त्यसलाई पुरा गर्ने हेतुले बिशेषत यो गण्डकी प्रदेशको समग्र बिकासको सन्दर्भलाई जोडेर यसको पर्यटन पर्वद्धनलाई समेत जोडेर यो बिधेयक आएको छ भन्ने कुरा म यहाँ राख्न चाहान्छु र त्यसो भएको हुनाले यसमा बिशेषत यो बिधेयकले आफ्नो संरचनालाई जो परिकल्पना गरेको छ। एउटा प्राज्ञी सभा र प्रज्ञा प्रतिष्ठानको कुरा परिषदको कुरा जो उल्लेख गरेको छ र यसको काम कर्तब्य र अधिकारलाई पनि निर्दिष्ट गरेको छ र यसको महत्वपुर्ण पक्ष भनेको हाम्रो यो प्रतिष्ठान यहाँ बिषय पनि उठेको छ।हाम्रो यो प्रतिष्ठानलाई कसरी व्यवहारिक बनाउन सक्छौं अथवा गण्डकी प्रदेशको यहाँको आवश्यकतालाई सम्बोधन गर्ने गरि हाम्रो यो प्रतिष्ठानलाई अगाडि बढाउने सन्दर्भमा अब यसलाई अलि जिवन्त तुल्याउनका लागि एउटा संरक्षकको भुमिकाको रुपमा यहाँ बिधेयक बोलेको छ।त्यो एउटा महत्वपुर्ण पक्ष हो जस्तो लाग्छ।त्यसमा प्रमुख संरक्षणको रुपमा जसरी धारा १४ ले बिधेयकको धारा १४ले मुख्यमन्त्रीलाई तोकेको छ र संरक्षकको रुपमा सामाजिक बिकास"मन्त्री लाई तोकेको छ।कुलपति पनि तोकेको छ।यो चाहि बिशेष महत्वको छ भन्ने म यहाँ राख्न चाहान्छु। यसले गर्दा बिधेयकको आफ्नो गरिमा यसको औचित्य र यसको महत्वलाई सान्दभिक तुल्याएको छ भन्ने कुरा म राख्न चाहान्छु र त्यसको साथसाथै हामीले प्रतिष्ठान मात्र गठनको कुरा हैन यसको आर्थिक दायित्व पुरा गर्ने सवालमा पनि बिधेयक बोलेको छ र बिशेषत मैले समग्रतामा भन्नु पर्दा अन्त्यमा यो बिधेयक बिशेषत यो गण्डकी प्रदेशको सम्पदाहरुको हामीले पहिचानको कुरा गरेका छौं।हाम्रो

सभ्यताको कुरा गरेका छौ।त्यो बिशेषत हाम्रो भाषा, धर्म, संस्कृति सँग अन्तर सम्बन्धित छ।त्यसको जग्रेना गर्ने कुरा त्यसको संरक्षण र सम्बर्धन गर्ने कुरा त्यसको खोज अनुसन्धान गर्ने कुरा र हामीले ललितकलाको कुरा नाटयकलाको कुरा हाम्रा संगितका कुरा जो गरेका छौं।यसलाई पनि व्यावहारिक रुपमा हामीले एउटा वेमा अर्थात पाठ्यक्रम भन्नुहोस अथवा कुनै बिधिद्वारा यसलाई जिवन्त तुल्याउनको लागि यो बिधेयक महत्वपुर्ण छ भन्ने मैले यहाँ राख्न चाहान्छु।र यसले यहाँको सायद गण्डकी प्रदेशमा केही मनोबिज्ञानहरु छन र हाम्रा सायद केही मनोबिज्ञानहरु अघि राख्नु भयो।हामी धेरै जातजातीहरु बसोबास गरेका छौं।जातजातीहरुको पनि सघन बसोसास छ।तर अहिलेको सन्दर्भमा हाम्रा केही मनोबिज्ञानहरु बिकेन्द्रीत भएका छन हाम्रा केही पहिचानका कुराहरु उठेका छन हामी कतै कतै निरास हुन खोजिरहेका छौं। यसलाई समेत हामीले अलि उत्साहित तुल्याउने गरी यो बिधेयकले कार्यसम्पादन गर्ने जो उद्देश्य राखेको छ, यो महत्वपुर्ण हो। त्यसो भएको हुनाले यसलाई हामीले व्यवहारीक रुप दिनको लागि आवश्यक नियम र निर्देशिका तयार गरेर अगाडी बढ्ने छौं। यी कुराहरु राख्दै बिशेषत यो बिधेयक प्रति हाम्रो दल र मेरो आफ्नो ब्यक्तिगत तर्फबाट पुर्ण समर्थन रहेको व्यहोरा ब्यक्त गर्दै म बिदा हुन्छु। हवस त धन्यबाद।

### माननीय सभामुख-

माननीय सदस्यहरु अब यो बैठक २०७६ साल फागुन ५ गते दिनको १.०० बजे सम्मका लागि स्थगित हुन्छ।